# बर्दगोरिया गाउँपालिकाको दिसाजन्य लेदो व्यवस्थापन ऐन, २०८१

**प्रस्तावना**

नेपालको संविधानले निर्दिष्ट गरेको प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने एवं सुरक्षित खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने अधिकारको संरक्षण र परिपालनाको सुनिश्चितताका लागि दिसाजन्य लेदो व्यवस्थापनको दिगो र प्रभावकारी अभ्यासलाई व्यावहारिक रूपमा सफल बनाई यस अभ्यास मार्फत समुदायहरूलाई पूर्ण सरसफाइ उन्मुख अवस्थातर्फ अघि बढाउने कार्यमा सहयोगी बन्दै नेपाल सरकार तथा दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको पूर्ण सरसफाइको लक्ष्य हासिल गर्ने कार्यमा योगदान गर्न वाञ्छनीय भएको वृहत्तर दृष्टिकोणलाई आत्मसात गर्दै पालिकाभित्र वातावरणीय दृष्टिकोणले सुरक्षित तवरले दिसाजन्य लेदो व्यवस्थापनकका प्रत्येक चरणहरूलाई नियमन गर्ने हेतुले गाउँपालिकाले 'दिसाजन्य लेदो व्यवस्थापन ऐन २०८१ तर्जुमा गरेको छ।

## परिच्छेद १ - प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम "बर्दगोरिया गाउँपालिकाको दिसाजन्य लेदो व्यवस्थापन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. दिसाजन्य लेदो (Fecal Sludge) भन्नाले स्थलगत सरसफाइ अन्तर्गत दिसापिसाब लगायतको फोहोर पानी जम्मा गर्ने भण्डारण ट्यांकीमा संकलन भएको फोहोरलाई सम्झनु पर्छ। जसमा मानव मलमूत्रको साथै दिसा बगाउन, दिसा धुन एवम् चर्पी सफा गर्न प्रयोग हुने पानी वा पदार्थ र अन्य फोहोरमैला वा फोहोर पानी समेत सम्झनु पर्दछ।

ख. "फोहोरमैला" वा "फोहोर" भन्नाले घर, उद्योगधन्दा, स्वास्थ्य संस्था, सार्वजनिक सरोकारका भवन तथा स्थान, अन्य सार्वजनिक ठाउँबाट उत्पादित तथा निःसृत ठोस, अर्ध ठोस वा तरल पदार्थ भन्ने सम्झनु पर्छ।

ग.भण्डारण ट्यांकी (Storage tank) भन्नाले विशेषगरी चर्पीबाट उत्पादन हुने दिसापिसाब लगायतका फोहोर र फोहोर पानीलाई निश्चित अवधिका लागि सुरक्षित भण्डारण गर्न निर्माण गरिने ट्यांकीलाई सम्झनु पर्छ।

घ. सेप्टेज (Septage) भन्नाले भण्डारणका विभिन्न प्रविधिहरूमध्ये सेप्टिक ट्यांकमा जम्मा भएको मानव मलमुत्रीय फोहोर भन्ने सम्झनु पर्छ।

ङ. निष्काशित फोहोर पानी (Effluent) भन्नाले पूर्ण वा आंशिक प्रशोधनपछि भण्डारण ट्यांकी वा प्रशोधनशालाबाट अन्तिममा बाहिर निस्कने फोहोर पानीलाई सम्झनु पर्छ ।

च. दिसाजन्य लेदो व्यवस्थापन (Fecal Sludge Management) भन्नाले मानव मलमुत्रीय फोहोरलाई सुरक्षित भण्डारण गर्ने, नियमित रुपमा खाली गर्ने, प्रशोधनशालासम्म ढुवानी गर्ने, प्रशोधन गर्ने, र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्ने सम्पूर्ण कार्यलाई समग्रमा दिसाजन्य लेदो व्यवस्थापन भनेर सम्झनु पर्छ ।

छ. दिसाजन्य लेदो प्रशोधनशाला (Fecal Sludge Treatment Plant) भन्नाले दिसाजन्य लेदो प्रशोधनका लागि आवश्यक प्रविधिहरू स्थापना गरिएको निश्चित स्थल वा केन्द्र सम्झनु पर्छ ।

ज. स्थलगत सरसफाइ प्रणाली (On-site Sanitation System) भन्नाले मानव मलमूत्रीय फोहोरलाई उत्पादन स्थलमै व्यवस्थित संकलन, ढुवानी र पूर्ण वा आंशिक प्रशोधन गर्ने सरसफाइ प्रणाली सम्झनु पर्छ ।

झ. सरसफाइ सेवा प्रदायक (Sanitation Service Provider) भन्नाले भण्डारण ट्यांकी बनाउन, सेप्टिक ट्यांक सफा गर्न, मानव मलमूत्रीय फोहोरलाई प्रशोधन केन्द्रसम्म ढुवानी सेवा प्रदान गर्न वा दिसाजन्य लेदो प्रशोधन केन्द्र सञ्चालन गर्नका लागि सम्वद्ध निकायबाट वैधानिक अनुमति पाएको व्यक्ति वा संस्था सम्झनु पर्छ ।

ञ. सरसफाइ सेवा शृङ्खला (Sanitation Service Chain) भन्नाले मानव मलमुत्रीय फोहोरको व्यवस्थित संकलन, ढुवानी, प्रशोधन र सुरक्षित विसर्जन वा पुनः प्रयोग गर्न आवश्यक पर्ने सबै चरण/प्रक्रियाहरू सम्झनु पर्छ ।

ट.सेप्टिक ट्यांक (Septic Tank) भन्नाले दिसाजन्य लेदो सङ्कलन र केहि अवधिका लागि भण्डारण गर्न एवम् आंशिक प्रशोधन समेत गर्न निर्माण गरिने पानी नचुहिने खालको संरचना सम्झनु पर्छ र यसको न्यूनतम स्वरुप तोकिए बमोजिम हुनेछ ।

ठ. फोहोर पानी (Waste water) भन्नाले दैनिक मानवीय क्रियाकलाप र वस्तु उत्पादनको क्रममा उत्पादन हुने, ढल प्रणाली मार्फत संकलन एवम् ढुवानी गरिने तरल फोहोर सम्झनु पर्छ । यसमा मानव, पशु वा तरकारीजन्य फोहोरमैलाको साथै मानवीय मलमूत्र र विभिन्न प्रकारका रसायनहरूसमेत मिसिएको हुन्छ।

ड.ढल (Sewer) भन्नाले फोहोर पानीको व्यवस्थित संकलन, ढुवानी र निकासका लागि बाटोमा बिछ्याइएका खुल्ला वा छोपिएका संरचना वा पाइपलाई सम्झनु पर्छ।

ढ. ढल निकास ((Sewerage) भन्नाले फोहोर पानीलाई व्यवस्थित सङ्कलन गर्न, ढुवानी गर्न, प्रशोधन गर्न बनाइएका ढल, मंगाल लगायतका सम्पूर्ण संरचनाहरू सम्झनु पर्छ ।

ण.रित्याउने र ढुवानी सेवा भन्नाले भण्डारण ट्यांकीमा जम्मा भएको दिसाजन्य लेदो रित्याउने र ढुवानी सेवालाई सम्झनु पर्छ।

त. सेप्टिक ट्यांकी सफाइ सेवा प्रदायक भन्नाले भण्डारण ट्यांकीबाट दिसाजन्य लेदो निकाल्ने र त्यसरी निकालेको लेदोलाई प्रशोधन केन्द वा तोकिएको स्थानसम्म ढुवानी सेवा दिने कम्पनी वा कामदारलाई सम्झनु पर्छ।

थ. "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले प्रचलित कानुन वा यो विनियमले निर्धारण गरेका मापदण्ड, निर्देशिका वा निर्देशनमा तोकिए बमोजिमको व्यवस्था भन्ने सम्झनु पर्छ।

द. गाउँपालिका" भन्नाले बर्दगोरिया गाउँपालिका" भन्ने सम्झनु पर्छ।

ध. "प्रमुख" भन्नाले गाउँपालिकाका अध्यक्ष भन्ने सम्झनु पर्छ।

न. बर्दगोरिया गाउँपालिका उपप्रमुख" भन्नाले . गाउँपालिकाका उपाध्यक्ष भन्ने सम्झनु पर्छ।

प. "वडाध्यक्ष" भन्नाले बर्दगोरिया गाउँपालिका अन्तर्गतका वडा समितिका वडाध्यक्ष भन्ने सम्झनु पर्छ।

फ. प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दगोरिया गाउँपालिकाको प्रशासन हेर्नका लागि तोकिएको प्रमुख कर्मचारी भन्ने सम्झनु पर्छ।

ब. "सेवाग्राही" भन्नाले दिसापिसाबजन्य फोहोर व्यवस्थापनको सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा निक भन्ने सम्झनु पर्छ।

भ. विसर्जन भन्नाले दिसाजन्य लेदोको अन्तिम निष्काशन तथा व्यवस्थापनलाई सम्झनु पर्छ।

म. प्रशोधन भन्नाले दिसाजन्य लेदोलाई विभिन्न विधि/ प्रविधिको प्रयोग गरी उक्त लेदो भएको हानिकारण प्रदुषणलाई न्यूनीकरण वा निर्मलीकरण गर्ने कार्यलाई सम्झनु पर्छ।

य."टोल विकास संस्था" भन्नाले टोल विकास संस्था (गठन र परिचालन) कार्यविधि, २०७७ बमोजिम गठित टोल विकास संस्था सम्झनु पर्दछ।

## परिच्छेद २

### कार्यक्षेत्र

३. यो विनियम. बर्दगोरिया गाउँपालिकाका सबै वडामा लागू हुनेछ।

(क) यसले गाउँपालिकाभित्रका सबै प्रकारका भवनहरूलाई समेट्नेछ।

(ख) गाउँपालिका अन्तर्गतका बजार क्षेत्र बाहेकका स्थानमा सम्बन्धित टोल विकास संस्थाहरूसँग समन्वय गरी दिसाजन्य लेदो व्यवस्थापनको कार्य सुचारु गरिनेछ।

(ग) यो ऐनले गाउँपालिकाभित्र उत्पादन हुने दिसाजन्य लेदो बाहेक अन्य प्रकारका फोहोरको व्यवस्थापनलाई समेट्ने छैन।

## परिच्छेद ३

## दिसाजन्य लेदो व्यवस्थापनको दायित्व सम्बन्धी व्यवस्था

**४. दिसाजन्य लेदो व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको हुने:**

(१) दिसाजन्य लेदो व्यवस्थापन सेवा शृङ्खला अन्तर्गत पर्ने संकलन, भण्डारण, रित्याउने र ढुवानी, प्रशोधन तथा विसर्जन र ती सेवा शृङ्खलामा आवश्यक पर्ने सम्पूर्ण पूर्वाधार तथा संरचनाको विकास निर्माण एवं संचालन गर्ने / गराउने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो घर, व्यवसायिक भवन, सामुदायिक तथा सार्वजनिक शौचालयबाट निष्काशन हुने दिसाजन्य लेदो व्यवस्थापनको आधारभूत दायित्व सम्बन्धित व्यक्ति, संस्था वा निकायको हुनेछ।

(३) घर, व्यापारिक, औद्योगिक, सरकारी एवं सार्वजनिक लगायत संस्थाहरूबाट उत्पादित दिसाजन्य लेदो प्रशोधन नगरी खुला रुपमा जमीन, नदिनाला आदिमा विसर्जन गर्ने कार्य दण्डनीय हुनेछ।

५.दिसाजन्य लेदो व्यवस्थापन सेवाको गुणस्तरः

(१) दिसाजन्य लेदो व्यवस्थापन सेवा शृङ्खलामा पर्ने कुनै पनि वस्तु वा सेवाको गुणस्तर गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको वस्तु वा सेवाको गुणस्तर गाउँ पालिकाले संघीय मापदण्ड अनुरुप निर्धारण गर्नेछ

## परिच्छेद ४

दिसाजन्य लेदोको संकलन, भण्डारण, रित्याउने र ढुवानी, प्रशोधन तथा विसर्जन सम्बन्धी व्यवस्था

६. दिसाजन्य लेदो व्यवस्थापन योजना तर्जुमा गरी लागू गर्ने :

(१) दिसाजन्य लेदो व्यवस्थापन सेवा शृङ्खला सम्बन्धी कार्य गर्न गाउँपालिकाले दिसाजन्य लेदो व्यवस्थापन योजना तर्जुमा गरी लागू गर्नेछ।

(२) उपदफा (१) अनुसार योजना बनाउँदा एकिकृत शहर सरसफाइ (Citywide Sanitation) को अवधारणा र सिद्धान्त अवलम्बन गरी कार्यान्वियन गर्नेछ।

(३) गाउँपालिकाले गरीब, सीमान्तकृत, भूमिहीन परिवार तथा अन्य आवश्यकताको आधारमा शौचालयको पहुँच बढाउन आवश्यक कार्यक्रम संचालन गर्नेछ।

(४) शौचालयको उपलब्धता र पहुँच बढाउने कार्यमा गाउँपालिकाले संघीय तथा प्रदेश सरकार, विकासका साझेदार आदि संघसंस्थाहरूको व्यवसायिक / सामाजिक उत्तरदायित्वको माध्यमबाट निजीक्षेत्रसँग साझेदारी गर्न सक्नेछ।

## ७. भण्डारण (Containment) प्रविधि सम्बन्धी व्यवस्था

(१) Nepal National Building Code (NBC 208: 2003, Sanitary and Plumbing Design Requirements) अनुसार ढलरहित क्षेत्र अन्तर्गत रहेका कुनै पनि संरचनाबाट निस्किने फोहोर पानीलाई सेप्टिक ट्यांक वा सम्बन्धित आधिकारिक संस्थाबाट स्वीकृत प्रविधि मार्फत् प्रशोधन गरिएको हुनुपर्नेछ ।

(२) स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ७ को दफा २९ अनुसार नक्सामा खुलाउनुपर्ने नयाँ

भवन निर्माण गर्न नक्सामा अन्य कुराहरूको अतिरिक्त सो भवनको छुट्टै चर्पी र सोकपिट तथा त्यस्तो भवन अर्को भवनसँग जोडी बनाउने भएमा सो भवनको छुट्टै किलास रहनेगरी नक्सामा खुलाउनेपर्नेछ ।

(३) सेप्टिक ट्यांक सजिलै खाली गर्न सकिने स्थानमा उचित प्रकारको ढक्कन भएको हुनुपर्नेछ र संचालन पश्चात दिसाजन्य लेदो सुरक्षित व्यवस्थापनका लागि तोकिए बमोजिम समय-समयमा रित्याउने गर्नु पर्नेछ।

(४) नयाँ संरचना: बर्दगोरिया गाउँपालिकामा ढलरहित क्षेत्रभित्र बन्ने नयाँ घर, भवन, तथा अन्य सम्बन्धित संरचनाहरूमा सेप्टिक ट्यांक वा सो भन्दा उच्चस्तरीय प्रशोधन प्रविधिको डिजाइन स्वीकृत मापदण्ड अनुसार बाहेक अन्य तरिकाले जडान गर्न वा निर्माण गर्न पाइने छैन।

(५) विद्यमान संरचनाहरू: यो ऐन लागू हुँदाको मितिमा विद्यमान संरचनाहरूले आफ्नो परिसरभित्र निम्नानुसार उपदफा (३) बमोजिमको सेप्टिक ट्यांक वा प्रशोधन प्रविधिमा अनिवार्य सुधार वा स्तरोन्नति गर्नुपर्नेछ ।

क. उक्त संरचनाभित्रको रहेको स्थलगत सरसफाइ प्रविधिले वातावरण र जनस्वास्थ्यमा उच्च जोखिम पारेको अवस्थामा,

ख. उक्त सम्पति बिक्री गर्ने भएमा,

ग. उक्त संरचनाको ५० प्रतिशत वा सोभन्दा बढी मात्रामा भवनको पुनःनिर्माण वा तला थप गर्नुगरेमा,

(६) आवश्यकता र सम्भाव्यताका आधारमा गाउँपालिकाले सामुदायिक सेप्टिक ट्यांक निर्माण गर्न प्रोत्साहन तथा आवश्यक आर्थिक एवं प्राविधिक सहयोग गर्नेछ।

## ८. रित्याउने र ढुवानी (Desludging and Transportation) सम्बन्धी व्यवस्था

(१) दिसाजन्य लेदो रित्याउने र ढुवानी सेवा प्रदायक कुनै पनि संस्था वा कामदारलाई उक्त सेवा प्रदान गर्ने समयमा बाल्टिन जस्ता हाते तथा परम्परागत उपकरणको प्रयोगमा पूर्ण प्रतिबन्ध गर्दै यान्त्रिक उपकरणको प्रयोग अनिवार्य हुनेछ।

(२) दिसाजन्य लेदो रित्याउने र ढुवानी सेवा सम्बन्धी उपकरण, विधि र समय सो सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

(३) जनस्वास्थ्य र वातावरण संरक्षणको दृष्टिले प्रतिकुल असर पर्ने महशुस गरेमा कुनै पनि समयमा सेप्टिक ट्यांकी सफा गर्न सम्बन्धित व्यक्ति/संघ संस्था/निकायलाई गाउँपालिकाले बाध्यकारी निर्देशन दिनेछ। सो निर्देशनको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

(४) गाउँपालिका वा अन्य सरकारी निकायबाट अनुमतिप्राप्त सेवा प्रदायकले मात्र दिसाजन्य लेदो रित्याउने र ढुवानी सेवा प्रदान गर्न पाउनेछ।

(५) सेप्टिक ट्यांकी सफाइ सेवा प्रदायकले सर्वसाधारण र सफाइकर्मीको स्वास्थ्य र सुरक्षाका उचित उपाय अवलम्बन गर्नु अनिवार्य हुनेछ।

## ९. प्रशोधन, विसर्जन र पुनः प्रयोग (Treatment, Disposal and Reuse) सम्बन्धी व्यवस्था

(१) दिसाजन्य लेदोको सुरक्षित, सुलभ र गुणस्तरीय व्यवस्थापनका लागि गाउँपालिकाद्वारा प्रशोधन संयन्त्रको व्यवस्था गरिनेछ

(२) उपदफा (१) बमोजिमको प्रशोधन संयन्त्रको व्यवस्था गर्दा जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने निर्माण गरी सञ्चालन गर्नु पर्नेछ।

(३) प्रशोधन केन्द्रद्वारा निष्काशित फोहोर पानी निर्धारित फोहोर पानी विसर्जन मापदण्ड भित्र पर्ने गरी प्रशोधन विधि र प्रविधि सुनिश्चित गर्नु पर्नेछ।

(४) गाउँपालिकाले प्रशोधनशालाको कार्यक्षमता र संचालन प्रक्रियाको नियमित निरीक्षण र अध्ययन गर्नु पर्नेछ।

(५) प्रशोधनशालाको संचालन, मर्मत सम्भार सो सम्बन्धी निर्देशिकामा तोकिए बमोजिम हुनेछ। (६) सङ्कलित दिसाजन्य लेदोलाई तोकिएको स्थान वा प्रशोधन केन्द्रमा लगेर सुरक्षित विसर्जन गर्नु पर्नेछ

(७) दिसाजन्य लेदोको प्रशोधन पश्चात निस्किने अवशेषलाई प्राविधिक सम्भाव्यता हेरी पुनः प्रयोग गर्नु पर्नेछ र पुनःप्रयोगमा नआउने वा ल्याउन नसकिने अवस्थाका अवशेषलाई सुरक्षित विसर्जनको व्यवस्था गर्नु पर्नेछ।

(८) गाउँपालिकाले प्रशोधन केन्द्र संचालन र प्रशोधित वस्तुको पुनःप्रयोग एवम् बजारीकरणका लागि निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी गर्न सक्नेछ।

## परिच्छेद- ५

### दिसाजन्य लेदो व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

१०. अनुमतिपत्र सम्बन्धी व्यवस्थाः

(१) यस ऐन बमोजिम गाउँपालिकाको अनुमति नलिई गाउँपालिकाभित्र कसैले पनि दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाउने छैन।

(२) गाउँपालिकाभित्र दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी काम गर्न चाहने व्यक्ति वा कम्पनी वा सामुदायिक संस्था लगायतका सेवा प्रदायकले तोकिए बमोजिम विवरण खुलाई गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गरी मापदण्ड पुगेका निवेदकलाई दिसाजन्य लेदो व्यवस्थापनको काम गर्न सक्षम देखेमा तोकिएको दस्तुर लिई तोकिए बमोजिमको इजाजतपत्र जारी गर्नेछ।

(४) उपदफा (३) बमोजिम जारी भएको इजाजतपत्र तोकिएको अवधिभित्र तोकिएको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

११. निजी / सामुदायिक क्षेत्रलाई दिसाजन्य लेदो व्यवस्थापन गर्ने कार्य गराउन सक्नेः

(१) दफा (९) को उपदफा (३) अनुसार दिसाजन्य लेदो व्यवस्थापन कार्य गर्नका लागि अनुमति प्राप्त व्यक्ति वा कम्पनी वा सामुदायिक संस्था लगायतका सेवा प्रदायकबाट कानून बमोजिम प्रतिस्पर्धा गराइ गाउँपालिकाले दिसाजन्य लेदो व्यवस्थापन गराउन सक्नेछ।

१२. अनुमतिपत्र खारेज गर्न सक्नेः

(१) यो ऐन अन्तर्गत बनेको नियम, मापदण्डको कुनै कुरा उल्लंघन गरेमा एक पटकका लागि नसिहत दिने र सो समेतको परिपालना नगरेमा त्यस्तो सेवा प्रदायकको अनुमतिपत्र गाउँपालिकाले खारेज गर्न सक्नेछ।

१३. अनुमति पाई वा नपाई सन्चालन भइरहेको सेवा प्रदायकले अनुमतिपत्र लिनुपर्नेः

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि गाउँपालिकाबाट अनुमति प्राप्त गरी वा नगरी दिसाजन्य लेदो सम्बन्धी सेवा प्रदान गर्ने व्यक्ति तथा संस्थाले पनि तोकिएको अवधिभित्र तोकिएको विवरण खुलाई यो ऐन बमोजिमको अनुमतिपत्र लिनको निमित्त गाउँ/नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

## परिच्छेद ६

## सेवा शुल्क

**१४. सेवा शुल्क सम्बन्धी व्यवस्था :**

(१) आवासीय, व्यवसायिक/व्यापारिक, औद्योगिक, सरकारी/संस्थागत र सार्वजनिक संस्थाहरूबाट निस्किएको दिसाजन्य लेदोको यथोचित व्यवस्थापनका लागि गाउँपालिकाले आवश्यक सरसफाइ शुल्क लगाउन सक्नेछ ।

(२) गाउँपालिकाले दिसाजन्य लेदो व्यवस्थापनको दिगो व्यवसायिक योजना तर्जुमा गरी उचित शुल्क निर्धारण र सङ्कलन निर्देशिका तयार गरी लागू गर्नेछ ।

## परिच्छेद ७

## दिसाजन्य लेदो व्यवस्थापन कार्यको अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

**१५. अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले यस ऐनको प्रावधान अनुसार सेप्टिक ट्यांक निर्माण, संचालन लगायत समग्र दिसाजन्य लेदो व्यवस्थापन सेवा शृङ्खलाको नियमित अनुगमन तथा निरिक्षण गर्ने गराउनेछ ।

(२) गाउँपालिकाले दफा बमोजिम दर्ता भएका दिसाजन्य लेदो सेवा प्रदायकको अनुगमन गर्ने गराउने र उक्त सेवा प्रदायकले प्रदान गर्ने सेवा मापदण्ड अनुरुपको भए नभएको भनी अनुगमन तथा निरीक्षण गर्ने गराउनेछ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमन, निरीक्षण तथा मूल्यांकन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) स्वास्थ्य तथा सरसफाइ सम्बन्धी वार्षिक समिक्षा, सामाजिक परिक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्दा दिसाजन्य लेदो व्यवस्थापनलाई पनि मूल्याङ्कनका विषयवस्तु बनाइनेछ ।

## परिच्छेद ८

## दण्ड जरिवाना

१६. दण्ड जरिवाना सम्बन्धी व्यवस्था : यो ऐन विपरित कसैले कार्य गरे वा गराएमा गाउँपालिकाले तोकिए बमोजिमको दण्ड जरिवाना गर्नेछ ।

१७. पुनरावेदन गर्न सक्ने : दफा १५ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद ९

## विविध

१८. नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउन सक्नेः यो ऐन कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड, तथा निर्देशिका बनाउन सक्नेछ ।

१९. प्रचलित कानून बमोजिम हुनेः दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरूमा यसै बमोजिम र अन्य कुराहरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

२०. खारेजी र बचाउः यो ऐन जारी हुनु भन्दा अगाडि गाउँपालिकाबाट भए गरेका कामहरू यसै ऐन भए/गरेको मानिनेछ ।

आज्ञाले
प्रकास ढुंगाना
प्रमुख प्रशासकिय अधिकृत

प्रमाणीत गर्नेः
हस्ताक्षरः
नामः- कर्ण बहादुर कुवँर
पदः- बर्दगोरिया गाउँपालिका अध्यक्ष
प्रमाणित मितिः २०८१/०३/१०
प्रमाणित कानून पाना (पेज) संख्याः ९